श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

श्री ५ को सरकारले मिति २०२८।७।१२ को निर्णयानुसार निजामती सेवा नियमावली २०२१ (संशोधन सहित) को परिच्छेद ३ को नियम ५ को उपनियम (४) को प्रयोजनको लागि सोही नियममा उल्लेख भएबमोजिम देशका बिभिन्न भौगोलिक क्षेत्रहरूलाई क्रमशः "क", "ख", "ग", "घ" र "ङ" ५ वर्गमा वेहाय-बमोजिम विभाजन गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

### "क" वर्ग

**भौगोलिक क्षेत्र**

१. मेची अंचलको ताप्लेजुङ
२. कोशी अंचलको नुमसहित दक्षिणी क्षेत्रबाहेक संपूर्ण संखुवासभा
३. सगरमाथा अंचलको सोलुखुंबु र खोटांग
४. जनकपुर अंचल, दोलखा जिल्लाको लामोबगर र रोल्वालिङ क्षेत्र
५. वाग्मती अंचल धादिङ जिल्लाको सेती बास उत्तरको सिंहार क्षेत्र
६. गण्डकी अंचलको मनाङ र गोर्खाको सेर्बीवास उत्तरको लार्के क्षेत्र
७. धवलागिरि अंचलको डोल्पा, टुकुचेभन्दा दक्षिणी क्षेत्रबाहेक मुस्ताङ र उत्तरी वाग्लुङको ढोरपाटन क्षेत्र
८. राप्ती अंचलको रोल्पा र रूकुम
९. कर्णाली अंचलको हुम्ला, जुम्ला, मुगु र तिब्रीकोट
१०. भेरी अंचलको जाजरकोट
११. सेती अंचलको बझाङ र बाजुरा
१२. महाकाली अंचलको दार्चुला

### "ख" वर्ग

**भौगोलिक क्षेत्र**

१. मेची अंचलको पाँचथर
२. कोशी अंचलको तेर्हथुम र संखुवासभाको नुमसहित दक्षिणीक्षेत्र
३. सगरमाथा अंचलको भोजपुर र ओखलढुङ्गा

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

890

४. जनकपुर अंचल, दोलखा जिल्लाको लामो बगर र रोल्वालिङ क्षेत्रबाहेक बाँकी क्षेत्र, रामेछाप
५. बाग्मती अंचलको रसुवा
६. गण्डकी अंचलको पर्वत र लमजुङको खुदी उत्तरीक्षेत्र
७. लुम्बिनी अंचलको अर्घाखाँची र गुल्मी
८. धवलागिरि अंचलको म्याग्दी, मुस्ताङको टुकुचेभन्दा दक्षिणीक्षेत्र र उत्तरी वाग्लुङको ढोरपाटन क्षेत्र र निसकोट पंचायतको पूर्वी भागबाहेकको वाग्लुङ
९. राप्ती अंचलको सल्यान र प्यूठान
१०. सेती अंचलको डोटी र अछाम
११. महाकाली अंचलको डडेलधुरा र बैतडी
१२. भेरी अंचलको दैलेख

## "ग" वर्ग

भौगोलिक क्षेत्र

१. मेची अंचलको ईलाम
२. कोशी अंचलको धनकुटा
३. सगरमाथा अचलको उदयपुर
४. जनकपुर अंचलको सिन्धुली
५. वाग्मती अंचलको सिन्धुपाल्चोक र सेतीवास उत्तरको सिहार क्षेत्रबाहेक बाँकी धादिङ जिल्ला
६. गण्डकी अंचलको तनहुँ, स्याङजा र सेर्दीवास उत्तरको लार्के क्षेत्रबाहेक बाँकी गोरखा जिल्ला
७. लुम्बिनी अंचलको पाल्पा
८. धवलागिरि अंचलको वाग्लुङ जिल्लाको निसकोट पंचायतको पूर्वी भाग
९. राप्ती अंचलको दाङ देउखुरी
१०. भेरी अंचलको बर्दिया र सुर्खेत
११. सेती अंचलको कैलाली
१२. महाकाली अंचलको कंचनपुर

## "घ" वर्ग

भौगोलिक क्षेत्र

१. मेची अंचलको झापा
२. कोशी अंचलको मोरङ्ग र सुनसरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

३. सगरमाथा अंचलको सप्तरी र सिराहा
४. जनकपुर अंचलको धनुषा, महोत्तरी र सर्लाही
५. वाग्मती अंचलको नुवाकोट र काभ्रेपलान्चोक
६. नारायणी अंचलको बारा, पर्सा, रौतहट, चितौन र मकवानपुर
७. गण्डकी अंचलको कास्की
८. लुम्बिनी अंचलको रुपन्देही, नवलपरासी र कपिलबस्तु
९. भेरी अंचलको बाँके

"ङ" वर्ग

१. वाग्मती अंचलको काठमाडौं, भक्तपुर र ललितपुर ।

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको मुख्य सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।